नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
(योजना शाखा)

प.सं.: ०७३।७४ यो

च.नं: १२५

मिति : २०७३।५।१६

**बिषय : गरिवसँग सरकार कार्यक्रम सम्बन्धमा ।**

श्री सम्बन्धित शाखा/ईकाई/कार्यक्रम सबै ।

प्रस्तुत बिषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट गरिवसँग सरकार कार्यक्रम तर्जुमाको लागि यसै साथ संलग्न बमोजिमको विवरण माग भै आएकोले माग गरिए बमोजिमको विवरण निर्धारित ढाँचामा भरि अनिबार्य रुपमा **४ (चार) दिनभित्र** मन्त्रालयको योजना शाखामा Hardcopy र Softcopy उपलब्ध गराईदिनुहुन आदेशानुसार अनुरोध छ ।

| सिं.नं. | कार्यक्रम | जिम्मेवार निकाय/शाखा/कार्यक्रम |
|---|---|---|
| १ | गरीवसँग विशेश्वर | ग्रामिण विकास समन्वय शाखा |
| २ | जिविस,गाविस अनुदान र लक्षित बर्गको रकम | |
| ३ | बहुक्षेत्रिय पोषण कार्यक्रम | |
| ४ | सुनौलो हजार दिन र अन्य भए सो समेत | |
| ५ | सिमा क्षेत्र विकास कार्यक्रम | कर्णाली रोजगार ईकाई |
| ६ | कर्णाली रोजगार कार्यक्रम | |
| ७ | ग्रामिण पूर्वाधार विकास कार्यक्रम | ग्रामिण पूर्वाधार विकास कार्यक्रम |
| ८ | आदीबासी जनजाती उत्थान विकास प्रतिष्ठान | आदीबासी जनजाती उत्थान विकास प्रतिष्ठान |
| ९ | उपेक्षित उत्पिडित र दलित बर्ग उत्थान विकास समिति | उपेक्षित उत्पिडित र दलित बर्ग उत्थान विकास समिति |
| १० | पिछडिएको समुदाय उत्थान विकास समिति | पिछडिएको समुदाय उत्थान विकास समिति |
| | वादी समुदाय उत्थान विकास समिति | वादी समुदाय उत्थान विकास समिति |
| ११ | दुर्गम क्षेत्र विकास समिति | दुर्गम क्षेत्र विकास समिति |

**बोधार्थ**
श्री सुचना तथा विधूतिय शासन शाखा : पत्र Website मा राखिदिनुहुन ।

(केशवराज सुवेदी)
शाखा अधिकृत

## गरिवसंग सरकार

### निम्न आधारमा अवधारणा पत्र तयार गरिनु पर्नेः

सम्माननीय प्रधानमन्त्रीज्यूबाट सचिव वैठकमा संबोधन भएका सरकारका नवीन अवधारणा कार्यान्वयन गर्ने क्रममा गरिवसंग सरकार कार्यक्रम तर्जुमाकालागि श्रीमान् मुख्य सचिवज्यूको अध्यक्षतामा मिति ०७३।४।२५मा विषयगत मन्त्रालयका सचिवज्यूहरुको वैठकबाट देहाय अनुसार गरिव लक्षित कार्यक्रमहरुको Review गरी Inventry सहितको अवधारणा पत्र तयार गर्ने निर्णय भएको:

१. साविकमा गरिवहरुकालागि लक्षित गरी संचालनमा रहेका कार्यक्रमहरुको विवरण तयार गर्ने ।

२. मन्त्राल र मातहतका निकायहरुले गरिवीको रेखा मुनीका जनसाधारणलाई दिइआएका सुविधाहरुको आंकलन गरि अभिलेखबद्ध गर्ने ।

३. दिइएको सुविधा लक्षित बर्ग (गरिवीको रेखा मुनीका जनसाधारण) ले पाएको छ छैन? आंकलन गर्ने ।

४. साविकमा दिइ आएको सुविधाले पुग्दछ कि पुग्दैन? पर्यापत छ छैन?

५. यदि पुग्दैन भने खाडल (Gaps) पुरा गर्न के गर्न सकिनछ?

६. थप सेवा सुविधा क प्रवाह गर्ने?

७. बजेट?:

- यसको निमित्त के कति बजेटको आवश्यकता पर्दछ,? साविककै कार्यक्रमहरुमा परिमार्जन (Modefy) गरेर हुन्छ वा नयाँ नै तर्जुमा गर्ने हो?
- Exesiting Budget बाट नै कसरी संबोधन गर्न सकिन्छ कि? त्यसो भए के र कसरी गर्ने?

८. Approach?:

- गरिव लक्षित कार्यक्रमहरुलाई Integrated Approach मा कसरी लान सकिन्छ?
- साविकका लक्षित कार्यक्रमलाई (गरिव संग विशेश्वर, बादी, कर्णाली, सीमा क्षेत्र......आदि) कसरी प्रभावकारी बनाई गरिवसंग सरकारको सशक्त अनुभुति गराउन सकिन्छ?
- हाललाई गरिवी पहिचान भएका २५ जिल्लामा केन्द्रीत भएर कार्यक्रम संचालन गर्ने वा अन्य कुनै Approach लिने?
- समुदायमा आधारित कार्यक्रमसंग आवद्ध गरेर कार्यक्रमको Model बनाउदा कसो होला?